तारकेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धर्मस्थली,काठमाण्डौ
३ नं प्रदेश,नेपाल

## आ.व ०७५/०७६ को लागि ढुङ्गा गिट्टी, वालुवा माटो लगायतको कर तथा शुल्क संकलनको ठेक्का सम्वन्धि शिलवन्दी वोलपत्र आव्हानको सुचना

प्रथम पटक प्रकाशित मिति :२०७५/०५/०४

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उप दफा २ (घ) को ६ मा व्यवस्था भए बमोजिम यस तारकेश्वर नगरपालिकाबाट आ.व. २०७५/०७६ को जेठ मसान्त सम्मका लागि देहाय बामोजिमको आन्तरिका आय सम्बन्धी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले यस नगरपालिकाबाट तोकिएको दर रेटमा यस नगरपालिका क्षेत्रभित्रबाट संकलन भई आन्तरिक खपत वा अन्य नगरपालिका निकासी पैठारीका लागि  बालुवा, माटो लिई गुड्ने सावारी साधन सग नगरपालिकाबाट तोकिएको सर्तहरुको अधिनमा रही शुल्क संकलन गर्नका लागि ठेक्का लिन इच्छुक (मु.अ.कर दर्ता प्रमाण पत्र, आ.व. २०७५/०७६ सम्मको फर्म नविकरण, आ.व. २०७३/०७४ को आयकर चुक्ता प्रमाण पत्र भएका ) फर्म कम्पनी वा व्यक्तिबाट तोकिएको न्यूनतम अंकमा नघट्ने गरी यस नगरपालिका क्षेत्र भित्रको लागि बोल पत्र खरिद गरी पेश गर्न यो सुचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| शुल्क तथा दस्तुर संकलन क्षेत्र | न्युनतम ठेक्का मूल्य रु | वोलपत्र फाराम दस्तुर रु | कैफियत |
|---|---|---|---|
| तारकेश्वर न.पा क्षेत्र भित्र | रु १,५०,००,०००।०० | रु ३०००।०० | मु.अ.कर बाहेक |

**शर्तहरु**

१) बोलपत्र खरिद गर्न इच्छुक बोलपत्र दाताले मु.अ.कर दर्ता प्रमाण पत्र, आ.व. २०७५/०७६ सम्मको फर्म नविकरण, आ.व. २०७३/०७४ को आयकर चुक्ता प्रमाण पत्र पेश गरी सूचना प्रकाशित भएको मितिले ३० औ दिन सम्म कार्यालय समय भित्र यसै कार्यालयवाट खरिद गरि ३१ औ दिनको १२.०० वजे सम्म शिलवन्दी वोलपत्र दाखिला गरी सक्नु पर्ने छ र बोलपत्र ३१ दिनको २.०० वजे उपस्थित प्रतिनिधिको रोहवरमा यसै कार्यालयमा खोलीने छ ।

२) वोलपत्र फारमा साथ धरौटी वापत कवोल अंकको ५ प्रतिशतले हुने जमानतको रकम यस कार्यालयको एन आई सि एसिया.वैकमा रहेको खाता नं.१७ सिए ५०१५०९५२४००६ मा रकम जम्मा गरेको सक्कल भौचर वा सुचनामा जारी भएको मितिले कम्तीमा १२० दिन म्याद भएको यस कार्यालयको नाममा जारी भएको नेपाल राष्ट वैक वाट मान्यता प्राप्त क वर्गको वाणिज्य ब्रैंकको ग्यारेन्टी (विलवण्ड) पेश गर्नु पर्ने छ ।

३) वोलपत्र फाराम खरिद एवं दाखिला गर्ने अन्तिम दिन विदा पर्न गएमा सो दिन पछि कार्यालय खुलेको दिनलाई क्रमश अन्तिम दिन मानिने छ ।

४) प्राप्त हुन आएका वोलपत्र दर्ता गर्ने म्याद सकिएको दिन प्रस्ताव दर्ताहरु वा निजका प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । प्रस्ताव खोल्ने समयमा प्रस्ताव दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि प्रस्ताव खोल्न वाधा पर्ने छैन ।

५) नेपाल सरकारको प्रचलित कानुन बमोजिम लाग्ने आय कर , मूल्य अभिवृद्धिकर तथा शुल्कहरु प्रस्तावक स्वयंले तिर्नु पर्ने छ । कार्यालयमा वुझाउनु पर्ने सम्पुर्ण रकम र कर समेत वुझाइ सकेपछि मात्र धरौटि रकम फीर्ता हुने छ ।

६) ढुङ्गा, वालुवा माटो को कर तथा शुल्क संकलनको लागि निम्नानुसारको दररेट निर्धारण गरिएको छ ।

| क्र.स | विवरण | प्रति इकाइ बिक्रि मूल्य रु |
|---|---|---|
| १ | वालुवा प्रति क्यु फीट | रु ६।०० |
| | माटो प्रति क्यु फीट | रु २।०० |

७) आ व ०७५।०७६ को लागि कर संकलन मिति संझौतामा उल्लेख भए बमोजिम हुने छ ।

८) कुल कवोल अंकलाई दुइ किस्ता कायम गरिने छ । पहिलो किस्ता वापत कुल कबोल अंकको ५० प्रतिशतले हुने रकम संझौता हुनु अगावै बुझाउनु पर्ने छ र बाँकी ५० प्रतिशत रकम पौष मसान्त भित्र बुझाउनु पर्ने छ । कुल कबोल अंकको एकमुष्ट रकम संझौताको समयमानै अग्रिम वुझाएमा कबोल अंकको १० प्रतिशत सम्म छुट दिन सकिने छ ।

९) प्रथम किस्ता बुझाएपछि हुन आउने वाकी रकमको २०७६ साउन मसान्त सम्म म्याद भएको र नेपाल राष्ट्र वैंक वाट मान्यता प्राप्त क वर्गको बाणिज्य वैंकको कार्य सम्पादन ग्यारेण्टी (परफरमेन्स वण्ड) पेश गर्नु पर्ने छ ।

१०) बोलपत्र स्विकृत भई संझौता भए पश्चात कुनै किसिमको छुट मिनाहा वा माफी दिइने छैन ।

११) बोलपत्र स्विकृत गर्ने आसयको सुचना प्रकाशित भए पश्चात निर्धारित समय भित्र कार्यालयमा संझौता गरिसक्नु पर्ने छ । तोकिएको समय भित्र संझौता गर्न नआएमा बोलपत्र दाताले राखेको धरौटि जफत हुने छ ।

१२) बोलपत्रदाताले खामको वाहिर पट्टी ठेक्काको नाम र तारकेश्वर नगरपालिका कार्यालय धर्मस्थली भनी प्रष्ट बुझिने गरी लेख्नु पर्ने छ र बोलपत्र फाराममा अंक र अक्षरमा केरमेट नगरी स्पष्ट संग लेख्नु पर्ने छ, अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकालाई मान्यता दिइने छ ।

१३ यस नगरपालिकाको छाप र कार्यालयको तर्फवाट प्रमाणित नभएको फारमलाई मान्यता दिइने छैन ।

१४) म्याद नाधी वा रित नपुगी प्राप्त भएको बोलपत्र उपर कुनै कारवाहि हुने छैन ।

१५) यस सुचनामा उल्लेख भएको कुरा यसै अनुसार र नभएको कुराको हकमा प्रचलित कानुन बमोजिम हुने छ ।

१६) बिशेष आवस्थामा सुचनामा उल्लेखित शर्त र समय हेरफेर गर्न र बोलपत्र स्विकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस नगरपालिकामा निहित रहने छ ।

१७) यस सम्वन्धित विस्तृत जानकारी तारकेश्वर नगरपालिका नगरकार्यपालिकाको कार्यालय,धर्मस्थली, काठमाण्डौ वाट प्राप्त गर्न सकिने छ ।